अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय,धरान
# करदाता सेवा कार्यालय,भोजपुर

www.ird.gov.np
**Email**
tso-bhojpur@ird.gov.np

प.सं. २०७७/०७८
च.नं. 786

मितिः २०७७/१०/१२

विषयः आर्थिक विधयेक, २०७७ ले प्रदान गरेका छुट तथा सुविधा बारे ।

श्री भोजपुर नगरपालिका/ षडानन्द नगरपालिका/ हतुवागढी गाउँपालिका/ आमचोक गाउँपालिका/ रामप्रसादराई गाँउपालिका/ टेम्केमैयुम गाउँपालिका/ साल्पासिलिछो गाउँपालिका/ पौवादुम्मा गाउँपालिका/ अरुण गाउँपालिका।

उपरोक्त सम्बन्धमा **आर्थिक विधयेक**, २०७७ ले तपसिल बमोजिमको अवस्था भएका करदाताहरुलाई **२०७७ फाल्गुण** मसान्तसम्म विशेष छुट तथा सुविधा प्रदान गरेको हुँदा तहाँ पालिका अन्तरगतका करदाताहरुलाई छुट तथा सुविधाको बारेमा जानकारी दिइ छुट तथा सुविधाबाट लाभान्वित हुने अवसर प्रदान गरिदिनुहुन अनुरोध छ ।

१. **करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा हुनेः**
   कुनै पनि ब्यक्तिले (प्राकृतिक ब्यक्ति तथा निकाय दुवै) विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता ब्यक्तिले स्थायी लेखा नंबर लिई आर्थिक बर्ष २०७४/०७५ र २०७५/०७६ को बुझाउनुपर्ने आय विवरण र सोमा लाग्ने कर सम्बत् २०७७ साल फाल्गुण मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने र सोभन्दा अघिका आर्थिक बर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु नपर्ने ।

२. **आय विवरण नबुझाउने करदातालाई शुल्क, ब्याज तथा जरिवाना मिन्हा हुनेः**
   स्थायी लेखा नंबर लिइ आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैंयासम्मको कारोबार गर्ने प्राकृतिक ब्यक्तिले आर्थिक बर्ष २०७३/०७४, २०७४/०७५ र २०७५/०७६ को आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम सम्बत् २०७७ साल फाल्गुण मसान्तसम्म बुझाएमा सोभन्दा अघिका बर्षहरुको आय विवरण पेश गर्नुपर्ने छैन र त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा बाँकी ब्याज मिन्हा हुनेछ ।

2077/10/12
कर अधिकृत

........................
(रुपक न्यौपाने)
कर अधिकृत